# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 16.01.2025

---

## Pay Commission

सरकारले केन्द्रीय कर्मचारीहरू र पेन्सनभोगीहरूका लागि आठौं वेतन आयोग गठनको घोषणा गरेको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा आज बसेको केन्द्रीय मन्त्रीमण्डलको बैठकमा आठौं वेतन आयोग गठनका लागि स्वीकृति प्रदान गरियो ।

केन्द्रीय सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा यस्तो आशयको जानकारी दिनुभएको हो ।

उहाँले भन्नुभयो सातौं वेतन आयोगको कार्यकाल दुई हजार छब्बीस सालमा समाप्त हुनेछ र अब आठौं वेतन आयोगको गठनले वेतन पैनलका सिफारिशहरू प्राप्त गर्नका लागि पर्याप्त समय हुनेछ।

श्री वैष्णवले भन्नुभयो आयोगका अध्यक्ष र दुइजना सदस्यहरूको नियुक्ति चाँडै गरिनेछ ।

---

## CM SDM Office Inauguration

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ राज्य सरकार राज्यमा स्वास्थय, शिक्षा र पर्यटन जस्ता विभिन्न क्षेत्रहरूलाई महत्व दिएर सिक्किमको विकास गन प्रतिवध्द छ ।

उहाँ आज मानेबुङ देन्ताम समस्टि अन्तर्गत देन्ताममा महकुमा अधिकारी कार्यलयको उद्घाटनपछि जनतालाई सम्वोधन गर्दैहुनुहुन्थ्यो श्री तामाङले भन्नुभयो सड़क र अन्य पूर्वाधार निर्माण कार्यलाई अघि बढ़ाएर देन्ताम समस्टिलाई पर्यटक केन्द्र बनाउने सरकारको योजना छ ।

मुख्यमन्त्रीले क्षेत्रका जनतासित पर्यटकहरूलाई आकर्षित गर्नेदिशातर्फ लागि सरकारलाई सहयोग गर्ने आग्रह गर्नुभयो ।

वर्तमान सरकारले चुनाउअघि दिइएका वचनहरू पूरा गरेको कुरो बताउँदै उहाँले भन्नुभयो, मानेबुङ देन्ताम निर्वाचन क्षेत्रका चौधसय गरीब परिवारका मानिसहरूलाई नोकरी दिइएको छ।

आगामी मार्च महीनापछि नोकरी उपलब्ध गराउने प्रक्रिया पुन शुरू गरिने जानकारी दिँदै श्री तामाङले विधायकहरूसित यसमा गरीब गुर्वालाई प्राथमिकता दिने आग्रह गर्नुभयो ।

महाकुमा कार्यालयको निर्माण छ करोड़ पचासी लाख छत्तीस हजार रूपियाँको खर्चमा गरिएको छ ।

समारोहमा सड़क तथा पुल मन्त्री श्री नरबहादुर दाहाल, शिक्षा मन्त्री श्री राजु बस्नेत, पर्यटन मन्त्री टी टी भुटिय, भवन तथा आवास मन्त्री श्री भीमहाङ लिम्बु, कृषि मन्त्री श्री पूरण गुरूङ, क्षेत्रविधाय श्री सुदेश कुमार लिम्बु र सरकारी अधिकारीहरू र अन्यको उपस्थिती थियो ।

---

## CM Tourist Centre

मुख्यमन्त्रीले हिजोनै देन्ताम बजारमा नवीकृत तीन कोठे उपपर्यटक सूचना केन्द्रको उद्घाटन गर्नुभयो ।

उहाँले केन्द्रमा उपलब्ध सुविधाहरूको निरीक्षण पनि गर्नुभयो ।

क्षेत्रमा पर्यटनको विकास गर्ने उद्देश्यले यसको निर्माण गरिएको छ ।

---

## Sikkim Inspires Training

कौशल विकासका लागि SIKKIM INSPIRES  पहल अन्तर्गत सिक्किमका गृहवास संचालकहरूका निम्ति डिजिटल मार्केटिङमाथि पन्ध्र दिनेलामो प्रशिक्षण कार्यक्रम गान्तोक तादोङमा आजदेखि शुरू भएको छ ।

पर्यटन तथा नागरिक उड्डयन विभागद्वारा जारी प्रेस विज्ञप्ती अनुसार राज्यभरिका जम्मा साठीजना home stay operator हरू यसमा नामाङ्कित भएका छन् ।

गृहवास व्यवस्था सञ्चालकहरूको डिजिटल मार्केटिङ योग्यता बढ़ाउने र आफ्नो व्यावसाय सुचारू रूपमा चलाउनमा उनीहरूको कौशल विकास गर्नु प्रशिक्षण कार्यक्रमको उद्देश्य रहेको छ।

कार्यक्रममा बताइए अनुसार पर्यटन विभागको गृहवास तथा आतिथ्य प्रभाग अन्तर्गत पछि अन्य विषयहरूमा पनि प्रशिक्षण दिइनेछ।

यी विषयहरू हुन सिक्किमका पारम्परिक खानपान, डिजिटल मार्केटिङ, स्थानीय संस्कृति तथा ज्ञान, होमस्टे प्रवन्धन वाइन तयार पार्ने र हस्तकला।

---

## Meeting Republic Day

राज्यमा अहिले छ्यात्रौं गणतन्त्र दिवस समारोह आयोजनाको तयारी चलिरहेछ।

मंगन जिल्ला प्रशासनिक केन्द्रमा आज यस सम्वन्धमा समन्वय बैठक बस्यो।

जिल्लाधीश श्री अनन्त जैनको अध्यक्षतामा बसेको बैठकमा योजना तथा समन्वयमाथि ध्यान दिँदै सबै सम्वन्धित विभाग र अधिकारीहरूलाई आ आफ्नो जिम्मेवारी सुम्पियो।

---

## Gold Cup Football Tournament

झापा इलेभेन नेपालले दशौं अखिल भारतीय मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्टको सेमिफाइनलमा प्रवेश गरेको छ।

जोरथाङ फुटबल स्टेडियममा आज भएको चौथो तथा अन्तिम क्वार्टर फाइनल म्याचमा यस टीमले, ट्रान्सपोर्ट युनाइटेड फुटबल क्लबलाई एकको विरूध्द दुइ गोलले परास्त गरयो।

नेपाल टीमका खेलाड़ी विशाल गलानलाई म्यान अफ द म्याच घोषित गरियो।

आज स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जी.टी ढुङ्गेल मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

राज्यको खेल तथा युवा मामिला विभाग, सिक्किम फुटबल संघ र माघे संक्रान्ति मेला आयोजन समितिसित मिलेर टुर्नामेण्टको आयोजना नाम्ची जिल्ला फुटबल संघले गरिरहेछ।

---

## Inter Dist. Football

गेजिङ जिल्ला अन्तर जिल्ला खुल्ला महिला फुटबल टुर्नामेण्टको फाइनलमा पुगेको छ ।

जोरथाङ फुटबल स्टेडियममा आज भएको टुर्नामेण्टको पहिलो सेमिफाइनल म्याचमा यस टीमले नाम्ची जिल्लालाई एकको विरूध्द तीन गोलले हरायो । पराजित टिमले एक गोल मात्र गर्न सक्यो ।

---

## Weather

राज्यमा आज विहानीपरव घाम लागे तापनि दिउँसो आकाश धुम्मिनाले मानिसहरूवे जाड़ो बढ़ेको अनुमान गरे ।

स्थानीय मौसम विज्ञान विभागले दिइएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिक्तम तापमान तेह्र डिग्री सेल्सियस र न्यूनतम आठ दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि न्यूनतम तापमान सात डिग्री र अधिक्तम तापमान चौध डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ ।

---